**नेपाली / *NEPALI***

**क्याम्पस परिचालनमा अपडेट**

विद्यार्थी, संकाय र कर्मचारीहरू,

*COVID-19* संयुक्त राज्यका र विश्वका धेरै भागहरूमा फैलिएर असर गर्दैछ। स्थानीय, राज्य र संघीय पार्टनरहरूको सल्लाहमा रोगको असर न्यूनीकरण गर्न *UW-Madison* लागिपरेको छ।

हाम्रो समुदायको स्वास्थ्य हाम्रो सबैभन्दा महत्त्वपूर्ण प्राथमिकता हो।

तुलनात्मक रूपमा *Dane* काउन्टीमा पुष्टि भएका *COVID-19* का केसहरू थोरै भए पनि, राष्ट्रिय स्तरमा भने यी केसहरूको संख्या बढ्दै छ। हाम्रा स्वास्थ्यकर्मी पार्टनरहरूले हामीलाई भन्छन् कि सङ्क्रमणलाई ढिलो फैलन दिनको लागि अहिले नै उत्तम समय हो।

म तपाईँहरूलाई बाँकी सेमेस्टरको बारेमा मुख्य निर्णयहरूका बारेमा बताउन चाहन्छु।

हामी तपाईँको लचिलोपन र समझदारीको अग्रिम रूपमा कदर गर्दछौँ। यस समयमा, हामीले प्रत्येक सम्भावना र उदाहरणको हिसाब गर्न सक्दैनौँ, तर यस स्थितिको बारेमा कुराकानी गर्न र तपाईँको व्यक्तिगत प्रश्नहरूको सकेसम्म उत्तम रूपमा उत्तर chancellor@wisc.edu मार्फत दिन जारी राख्नेछौँ।

**शिक्षण:** हाम्रो समुदायमा सकेसम्म जोखिम कम गर्नका लागि, आउने हप्ताको वसन्त ब्रेक पछि सामन्यतया कक्षाहरू फेरि सुरु हुने मिति, सोमवार, मार्च २३, देखि *UW-Madison* ले वसन्त सेमेस्टरको आमने सामने शिक्षण प्रभावकारी रूपमा निलम्बन गर्नेछ।

कक्षाहरूको वैकल्पिक शिक्षण मार्च २३ देखि सुरु हुनेछ र कमसेकम शुक्रवार, अप्रिल १० सम्म जारी रहनेछ। आमने सामने शिक्षण फेरि कहिले र यदि सुरु हुने निर्णय अप्रिलको प्रारम्भमा बाँडिनेछ। विद्यार्थीहरूले यस बदलको बारेमा थप जानकारी आउने दिनहरूमा पाउनेछन्।

***Undergraduate* का आवास हलहरू:** हामी विशेष रूपमा हाम्रो आवास हलहरूमा बस्ने विद्यार्थीहरूको सुरक्षाको बारेमा चिन्तित छौँ जसले बाथरूम र खाना परिसरहरू सँगै चलाउँदछन् र जो एकअर्काको एकदम नजिक बस्दछन्।

आवासीहरूलाई वसन्त ब्रेकको लागि आवश्यक सामान, शैक्षिक सामग्री, ल्यापटप र औषधि आफूसँग लग्न र वसन्त ब्रेकपछि कम्तिमा अप्रिल १० सम्म आवास हलहरूमा नफर्कन आग्रह गरिँदै छ। हामी आशा गर्दछौँ कि विद्यार्थीहरू उनीहरूको स्थायी निवासमा फर्कनेछन् र आफ्नो पाठ्यक्रम बाहिरैबाट पुरा गर्नेछन्। युनिभर्सिटी हाउजिङ्गले सबै प्रभावित आवासीहरूलाई अर्को एउटा सञ्चार चाँडै पठाउनेछ।

हामीले बुझेका छौँ कि केही विद्यार्थीहरू विभिन्न कारणका लागि उनीहरूको स्थायी निवासमा फर्कन असक्षम हुन सक्दछन् र उनीहरूलाई आवास हलमा बस्न आवश्यक पर्न सक्दछ। उदाहरणका लागि, केही अन्तर्राष्ट्रिय विद्यार्थीहरू यस समयमा घर फर्कन सक्षम हुनेछैनन्; केही विद्यार्थीहरू उनीहरूको घर भएको ठाउँमा अन्लाईन कक्षा पहुँच गर्न असक्षम हुन सक्छन्; केही विद्यार्थीहरू कुनै अर्कै कारणहरूले *Madison* मै बस्नु पर्ने हुन सक्छ।

युनिभर्सिटी हाउजिङ्गले विद्यार्थीहरूलाई थप मार्गनिर्देशन दिनेछ। आवश्यक भएमा आवास हलहरू यी विद्यार्थीहरूका लागि उप्लब्ध हुनेछन्, तर अधिकांश आवासीहरू घर फर्कनेछन् भन्ने हामी अपेक्षा राख्दछौँ, यसो भएमा आवास हलहरू खाली रहनेछन् र बाँकी विद्यार्थीहरूलाई सामाजिक दूरी कायम राख्न सजिलो हुनेछ।

आवास हलहरूमा रहने विद्यार्थीहरूले सीमित अन्तरक्रियाका अवसरहरू र क्याम्पसमा कम सेवाहरूको अनुभवको लागि तयार हुनुपर्छ।

**क्याम्पस बाहिरका आवासीहरू:** हामी आशा गर्दछौँ कि क्याम्पस बाहिरका धेरैजसो आवासीहरू *Madison* मा नै रहनेछन् र आफ्नो अध्ययन बाहिरबाट नै जारी राख्नेछन्, तर वसन्त ब्रेकको अन्त्य पछि कोही आफ्नो स्थायी स्थानमा रहन रोज्न सक्नेछन्।

**सबै विद्यार्थी र कर्मचारीहरू:**

**कर्मचारीहरू:**

क्याम्पस खुला नै रहनेछ र डिन, निर्देशक वा सुपरभाईजरले अर्कै सल्लाह नदिएसम्म सबै संकाय र कर्मचारी आफ्नो कामको नियमित समयमा काम गर्नुपर्नेछ। यात्रा र कार्यक्रमहरू सम्बन्धी तल उल्लेखित केही छूटहरू बाहेक, युनिभर्सिटीले दैनिक परिचालन जारी राख्नेछ। संकाय र शिक्षण कर्मचारीहरूले वैकल्पिक शिक्षणमा बदलका बारेमा *Provost* को कार्यालयबाट विस्तृत जानकारी पाउनेछन्।

**यात्रा:**

शैक्षिक डिन वा उपकुलपतिहरूले तोकेका सीमित छूटहरू बाहेक, अप्रिल १० सम्मका सबै युनिभर्सिटी-प्रायोजित यात्राहरू रद्द गरिएको छ। कामको लागि नियमित यात्रा गर्ने व्यक्तिले (जस्तै धेरैवटा काउन्टीहरू सँभाल्ने *Extension* कर्मचारीहरू) सामान्य रूपमा त्यसो गर्न जारी राख्नेछन्, तर आफ्नो डिन वा अन्य युनिट निर्देशकहरूसँग चेक गर्नुपर्नेछ।

हामी तपाईँलाई गैर-आवश्यक व्यक्तिगत यात्रा, जसमा वसन्त ब्रेक पनि समावेश छ, पुनर्विचार गर्न दृढ रूपमा सल्लाह दिंदछौं। रिपोर्ट गरिएका केसहरू आन्तरिक र अन्तर्राष्ट्रिय स्तरमा तीव्र रूपमा बढ्दैछन्। सङ्क्रमणको बढ्दो जोखिम, फर्कनमा धेरै ढिलाइ, अथवा फर्केपछि तपाईँले आफैँलाई अलग्ग राख्नुपर्ने हुनसक्दछ, यी सबै कुराले तपाईँको व्यावसायिक र व्यक्तिगत दायित्वहरूमा खर्चिलो रूपमा उल्लेखनीय रूपमा प्रभाव पार्न सक्दछ।

क्याम्पस समुदायका सबै सदस्य हरू सचेत हुनुपर्दछ कि यदि तपाईँले यात्रा गर्नुभयो भने, तपाईँमा लक्षणअहरू नदेखिएता पनि तपाईँले यात्रा गरेको ठाउँ अनुसार, तपाईँले आफैँलाई १४ दिनसम्म अलग्ग राख्न आवश्यक पर्नसक्दछ।

आफैँलाई क्वारेन्टाईनमा राख्न आवश्यक हुने प्रभावित क्षेत्रहरूको सूची तपाईँले यहाँ हेर्न सक्नुहुनेछ: https://www.cdc.gov/coronavirus/2019-ncov/travelers/after-travel-precautions.html.

नोट गर्नुहोस् कि यस सूची जहिले पनि बदलिन सक्दछ, तपाईँ यात्रा गर्दै गरेको बेलामा पनि।

**कार्यक्रमहरू:**

शैक्षिक डिन वा उपकुलपतिहरूले तोकेका सीमित छूटहरू बाहेक, ५० जना भन्दा बढीका क्याम्पसका सबै कार्यक्रमहरू (यसमा *Dane* काउन्टी भन्दा बाहिरका *Extension* विभागले आयोजना गरेका कार्यक्रमहरू पनि समावेश छन्) कम्तिमा अप्रिल १० सम्म रद्द गरिएको छ।

**यदि तपाईँमा लक्षणहरू देखापरेमा:**

यदि तपाईँमा लक्षणहरू देखापरेमा, घर बस्नुहोस् – बिरामी हुँदा कृपया काम वा कक्षा नआउनुहोला। ज्वरो, खोकी, वा सास फेर्न गाह्रो भएको छ भने, तपाईँलाई आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्न सल्लाह दिइन्छ।

बिरामी हुँदा कर्मचारीहरू काममा आउनु हुँदैन र आफ्नो बिमारी बिदा चलाउनुपर्छ वा सुपरभाईजर वा *HR* प्रतिनिधिलाई सम्पर्क गर्नुपर्छ। संकाय र शैक्षिक कर्मचारीहरूलाई शैक्षिक कार्य, परीक्षा वा अरू आवश्यकताहरूमा लचिलो हुन सल्लाह दिइन्छ।

**एकअर्काको आदर:**

हामीले मास्क लगाएका व्यक्तिहरू वा एशियाली वंशजका व्यक्तिहरू प्रति निर्देशित गाली र वर्गीकरण गरेको घटनाहरूका बारेमा सुनेका छौँ। केही विद्यार्थीहरूले हामीलाई बताएका छन् कि उनीहरूले सार्वजनिक ठाउँमा खोक्दा अप्ठ्यारो महसुस गर्दछन्, जातिवादी टिप्पणी र ठट्टाहरू सामना गर्दछन्, वा सार्वजनिक सवारी, कक्षाहरू र समूहहरूमा सामाजिक दूरीको अनुभव गअर्दछन्।

*UW–Madison* मा कक्षाकोठा भित्र वा बाहिर जातीय भेदभावका व्यवहारहरू वा *stereotyping* स्वीकार्य छैन। सताई वा उत्पीडन वा भेदभाव अनुभव गरेका विद्यार्थीहरूलाई हामी पक्षपात घटना रिपोर्ट गर्न प्रोत्साहित गर्दछौँ। कर्मचारीहरूले अनुपालनको कार्यालयमा उजुरी गर्न सक्नेछन्। हामीलाई यो चुनौतीपूर्ण समयमा प्रत्येक व्यक्तिको समर्थन आवश्यक छ र हामीले एकअर्कालाई आदर गर्नु र दयालु व्यवहार देखाउनु पर्दछ।

जबकि विद्यार्थीहरूले *COVID-19* ले उनीहरू जवान वा स्वस्थ भएका कारण असर पार्दैन जस्तो महसुस गर्न सक्छन्, कृपया याद राख्नुहोला कि तपाईँ एक ठूलो समुदायको सदस्य हुनुहुन्छ र यो रोग तपाईँले कमजोर प्रतिरोध प्रणाली भएका वा

ज्येष्ठ वा बढी जोखिम भएका व्यक्तिहरूमा फैलाउन सक्नुहुनेछ। यस समयमा कुनै खोप वा संरक्षण छैन। हामी सबैलाई हाम्रो सम्पूर्ण समुदायको सुरक्षा र स्वास्थ्यको विचार गर्न आग्रह गर्दछौँ।

तपाईँलाई थाहा छ, यो एक लगातार रूपमा विकसित भइरहेको अवस्था हो। आउने महिनामा हुने यी बदलहरूसँग हामीले गरेको सामनाहरूको लागि तपाईँहरूको धैर्यता र रचनात्मकताको लागि सबैलाई धन्यवाद। हाम्रो क्याम्पस समुदायको स्वास्थ्य र सुरक्षा केन्द्रमा राखी क्याम्पस अपडेट गर्ने निर्णयहरू बनाउन, हामी हाम्रो योजनाहरू जानकारी बदल हुनासाथ अपडेट गर्न जारी राख्नेछौँ।

कृपया हाम्रो वेबसाईट http://covid19.wisc.edu भ्रमण, हामीलाई chancellor@wisc.edu मा ईमेल वा क्याम्पस र अतिथि सम्बन्ध सेवामा (608) 263-2400 फोन गर्नुहोला।

कुलाधिपति Rebecca Blank